ISSN: 3021-9353
Online

# सञ्चय कोष

ई-न्यूजलेटर

(कर्मचारी सञ्चय कोषको त्रैमासिक प्रकाशन)

वर्ष १२ । अंक ५० ।

२०८१ कार्तिक-पौष

## बिर्तामोडमा कोषको सेवा केन्द्र स्थापना



कर्मचारी सञ्चय कोषले देशका विभिन्न स्थानमा सेवा केन्द्रहरु विस्तार गर्दै जानेक्रममा झापाको बिर्तामोडमा 'सेवा केन्द्र' स्थापना गरेको छ । कर्मचारी सञ्चय कोषका प्रशासक जितेन्द्र धितालले यही मिति २०८१ कार्तिक १७ गते बिर्तामोडमा कोषको १०औं शाखाका रूपमा सेवा केन्द्र उद्घाटन गर्नुभयो ।

प्रशासक धितालले कोषको सेवा प्रवाहलाई विकेन्द्रित गर्दै लैजाने नीति अनुरूप कोषका शाखा कार्यालयहरु विस्तार गर्दै जानेक्रममा झापाको बिर्तामोडमा कोषको सेवा केन्द्र स्थापना गरिएको बताउनुभयो । प्रशासक धितालले सञ्चयकर्ताहरूलाई सेवा प्रवाह गर्ने क्रममा अपनाउनु पर्ने सजगताका सम्बन्धमा सेवा केन्द्रका कर्मचारीहरूलाई निर्देशन समेत दिनुभयो ।

कार्यक्रममा कोषका सह-प्रशासक भरत राज वस्ती, भवन व्यवस्थापन विभागका विभागीय प्रमुख शान्ता गौतम, शाखा कार्यालय, बिराटनगरका कार्यालय प्रमुख रामशरण अर्याल, विभिन्न संचार माध्यमका संचारकर्मी र सञ्चयकर्ताहरु लगायतको सहभागिता रहेको थियो ।

विर्तामोडस्थित कोषको सेवा केन्द्रको भौगोलिक कार्यक्षेत्र साविक सेवा केन्द्र, धनकुटाको कार्यक्षेत्र अन्तर्गत रहेको ताप्लेजुङ्ग जिल्ला र शाखा कार्यालय, विराटनगरको कार्यक्षेत्र अन्तर्गत रहेका पाँचथर, इलाम र झापा जिल्ला रहेका छन् । यस सेवा



केन्द्रबाट अन्य शाखा कार्यालयहरूले सञ्चयकर्ताहरूलाई प्रदान गरे सरहका सम्पूर्ण सेवाहरु (डिजिटल परिचयपत्र बाहेक) प्रदान गरिदै आएको छ ।

## योगदानमा आधारित निवृत्तभरण व्यवस्थापन सम्बन्धी प्रदेशस्तरीय कार्यशाला

कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, विराटनगरको आयोजनामा मिति २०८१ साउन १९ गते विराटनगरमा योगदानमा आधारित निवृत्तभरण व्यवस्थापन सम्बन्धी प्रदेशस्तरीय कार्यशाला गोष्ठी सम्पन्न भएको छ ।

प्रदेश, स्थानीय तह तथा सार्वजनिक निकायका कर्मचारीहरूलाई कोषको योगदानमा आधारित योजनामा आवद्ध गर्ने सन्दर्भमा कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा प्रमुख अतिथि कोशी प्रदेश सरकारका प्रमुख सचिव केदारनाथ शर्माले स्थानीय तथा प्रदेश सेवामा रहेका कर्मचारीहरूको योगदानमा आधारित निवृत्तभरण व्यवस्थापन गर्नका लागि आवश्यक कानूनी व्यवस्था गर्न पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

प्रमुख सचिव शर्माले प्रदेश निजामती कर्मचारी र स्थानीय तहमा कार्यरत कर्मचारीहरूको योगदानमा आधारित निवृत्तभरण योजना

क्रमशः....पेज २




कार्यान्वयनका लागि पहल गरेकोमा कोषको शाखा कार्यालयलाई धन्यवाद दिनुभयो ।

कोशी प्रदेशसभाका सचिव गोपाल पराजुलीले योगदानमा आधारित निवृत्तभरण व्यवस्थापनको जिम्मा कर्मचारी सञ्चय कोषलाई दिने विषय सकारात्मक रहेको बताउनुभयो ।

कोशी प्रदेश, आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव शंकर नेपालले योगदानमा आधारित निवृत्तभरण योजनामा कोशी प्रदेशका कर्मचारीहरु र स्थानीय निकायका कर्मचारीहरूलाई समावेश गर्ने विषय राम्रो भएको बताउनुभयो ।

कर्मचारी सञ्चय कोषका सह-प्रशासक जीवन कुमार कट्वालले योगदानमा आधारित निवृत्तभरण व्यवस्थापनका सम्बन्धमा कोषले अपेक्षा गरेका विषयहरु प्रदेश सरकार र सम्बन्धित सरोकारवाला पक्षबाट निकट भविष्यमा नै सम्बोधन हुने अपेक्षा गर्नुभयो ।

कार्यक्रममा कर्मचारी सञ्चय कोष, सामाजिक सुरक्षा तथा निवृत्तभरण व्यवस्थापन विभागका विभागीय प्रमुख वीरेन्द्र पौडेलले कोषका सेवा सुविधा सम्बन्धी विद्यमान अवस्था, निवृत्तभरण कोष ऐन, २०७५ बमोजिम कोषले व्यवस्थापन गर्दैआएको निवृत्तभरण सम्बन्धी तथ्य, तथ्याङ्क र निवृत्तभरण सम्बन्धी कानूनी व्यवस्थाका बारेमा प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, विराटनगरका कार्यालय प्रमुख राम शरण अर्यालले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कोशी प्रदेशका विभिन्न प्रदेश मन्त्रालयका सचिव, प्रदेश लोकसेवा आयोगका सचिव, प्रदेश योजना आयोगका सचिव, कोष तथा



लेखा नियन्त्रक कार्यालय, मोरङ्गका कार्यालय प्रमुख, प्रदेश लेखा नियन्त्रक कार्यालयका कार्यालय प्रमुख तथा प्रतिनिधिहरु र कर्मचारी सञ्चय कोषका केन्द्र र शाखा कार्यालयका पदाधिकारी तथा कर्मचारीहरूको सहभागिता रहेको थियो ।

# वरिष्ठ कार्यकारी मञ्च (Senior Executive Forum) को पुनर्गठन

कर्मचारी सञ्चय कोषले ज्ञान व्यवस्थापनको (Knowledge Management) अवधारणा अनुरूप व्यवस्थापन समूहका पदाधिकारीहरूको निर्णय क्षमता एवम् नेतृत्वकला विकास गर्न गठित वरिष्ठ कार्यकारी मञ्चको पुनर्गठन गरेको छ ।

चालू आर्थिक वर्षका लागि वरिष्ठ कार्यकारी मञ्चको समूहमा रहने संयोजक, सह-संयोजक तथा सदस्य कर्मचारीहरु कार्यरत रहेका विभाग तथा शाखाको कार्य प्रकृतिका आधारमा कार्यबिधिले तोकेअनुसार विभिन्न सातवटा समूहमा छुट्याई मञ्चको पुनर्गठन गरिएको हो । जसअनुसार, सेवा व्यवस्थापन समूह, सामाजिक सुरक्षा कार्यक्रम अनुसन्धान तथा विकास समूह, वित्तीय व्यवस्थापन समूह, संगठन व्यवस्थापन समूह, सूचना तथा सञ्चार प्रबिधि समूह, जोखिम व्यवस्थापन समूह र निवृत्तभरण तथा उपदान व्यवस्थापन समूह गरी सातवटा समूह रहेका छन् ।

कोषमा प्रभावकारी उत्तराधिकार योजना सुनिश्चित गरी व्यवस्थापकीय तहमा दक्ष मानव संशाधन तयार गर्न तथा कोषलाई निरन्तर सिक्ने संगठनको रूपमा विकास गर्ने उद्देश्यले वरिष्ठ कार्यकारी मञ्च गठन गरेको थियो ।

# तीन दिवसीय अधिकृतस्तरीय तालिम सम्पन्न



कर्मचारी सञ्चय कोषका विभिन्न विभाग, शाखा तथा सेवा केन्द्रहरूबाट सम्पादन हुने काम कारवाहीसँग सम्बन्धीत तीन दिवसीय अधिकृतस्तरीय तालिम मिति २०८१ कात्तिक १० गते काठमाडौंमा सम्पन्न भएको छ ।

कोषको प्रत्यक्ष रूपमा कार्यसञ्चालनमा संलग्न अधिकृतहरूबीच Team work को विकास गर्ने तथा नेतृत्व क्षमता अभिवृद्धि गर्ने उद्धेश्यले तालिम आयोजना गरिएको हो ।

कर्मचारी सञ्चय कोषका प्रशासक जितेन्द्र धितालले तालिम उद्घाटन गर्नुहुँदै तालिमले कर्मचारीहरूको व्यक्तिगत तथा सांगठनिक दक्षता अभिवृद्धिमा सकारात्मक प्रभाव पार्ने भएकाले आगामी दिनमा पनि तालिमलाई निरन्तरता दिने बताउनुभयो ।

कोषका सह-प्रशासक जीवन कुमार कट्वाल र सह-प्रशासक भरतराज वस्तीले कार्यसञ्चालन तथा संस्थागत व्यवस्थापनका सम्बन्धमा जानकारी दिनुभयो ।

कार्यक्रममा कोषका विभिन्न विभागका मुख्य प्रबन्धकहरु ध्रुव प्रसाद अधिकारी, दामोदर प्रसाद सुवेदी, वीरेन्द्र पौडेल, सुवास खड्का, दर्शन भट्टराई, सागर कुमार सिंह, नगेन्द प्रसाद पौडेलले आ-आफ्ना विभागसँग सम्बन्धित विषयमा प्रस्तती गर्नुभएको थियो ।

तालिमका क्रममा सहभागीहरूलाई सेवा व्यवस्थापन समूह, सञ्चयकर्ता कर्जा व्यवस्थापन समूह, निवृतभरण तथा सामाजिक सुरक्षा व्यवस्थापन समूहमा विभाजन गरी समूहगत कार्यपत्र प्रस्तुत गर्न लगाइएको थियो ।

कार्तिक ८ देखि १० गतेसम्म भएको तालिममा कोषका उप-प्रवन्धक र सहायक प्रवन्धक तहका ७० जना कर्मचारीहरूको सहभागिता रहेको थियो ।

# सामाजिक सुरक्षा अन्तर्गत करिब रू. २६ करोड ८७ लाख वितरण

कर्मचारी सञ्चय कोषले आर्थिक वर्ष २०८१/०८२ को पौष मसान्तसम्ममा कुल १२ हजार ५ सय ७३ सञ्चयकर्तालाई करिब रु २६ करोड ८७ लाख रकम वितरण गरेको छ । जसमध्ये सञ्चयकर्ता स्वास्थ्योपचार सुविधा अन्तर्गत साधारण रोगतर्फ २ हजार ५९ जना सञ्चयकर्तालाई रु ७ करोड ६४ लाख, घातक रोगका लागि ६७७ जना सञ्चयकर्तालाई रु ९ करोड ३० लाख रूपैया प्रदान गरिएको छ ।

यसैगरी सुत्केरी तथा शिशु स्याहार सुविधा अन्तर्गत ९ हजार ४ सय ७० सञ्चयकर्तालाई रु ७ करोड १० लाख, काजकिरिया अनुदान सुविधा २८१ जनाका आश्रित परिवारलाई रु १ करोड १२ लाख ४० हजार र दुर्घटना क्षतिपूर्ति सुविधा अन्तर्गत ८६ जनालाई रु १ करोड ७० लाख २५ हजार रूपैया प्रदान गरिएको छ ।



# जोखिम व्यवस्थापन सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न



कर्मचारी सञ्चय कोषका विभिन्न विभागहरूमा अर्न्तनिहित जोखिमहरूको पहिचान, अभिलेखीकरण र मापन गरी मुल्याङ्कनमा सहजीकरण गर्ने उद्देश्यले मिति २०८१ मंसिर १२ गते काठमाडौंमा जोखिम व्यवस्थापन सम्बन्धी छलफल तथा अन्तर्क्रिया कार्यक्रम आयोजना गरिएको छ ।

कोषको योजना अनुगमन तथा जोखिम व्यवस्थापन विभागले तालिम शाखाको समन्वयमा गरेको छलफल तथा अर्न्तक्रिया कार्यक्रममा कोषको जोखिम व्यवस्थापनका क्षेत्र अन्तर्गत सञ्चालन जोखिम, कर्जा जोखिम, बजार जोखिम, तरलता



जोखिम सूचना प्रबिधि जोखिम तथा स्थिर सम्पत्तिको जोखिम र प्रत्येक जोखिम सृजना हुने अवस्था तथा त्यसले पार्ने असरको न्यूनीकरणका उपायहरूको सम्बन्धमा निर्देशिकामा भएका प्रावधानहरूका बारेमा समेत छलफल भएको थियो ।

यसैगरी, जोखिम अभिलेख पुस्तिका राख्ने तरिका, जोखिमको त्रैमासिक प्रतिवेदन पठाउनुपर्ने व्यवस्था र जोखिम व्यवस्थापन समितिमा जोखिम विश्लेषण सहितको प्रतिवेदन पेश गर्नुपर्ने प्राबधान लगायतका विषयमा समेत कार्यक्रममा विस्तृत छलफल भएको थियो ।

कार्यक्रममा कोषका सह-प्रशासक जीवनकुमार कट्वालले जोखिम व्यवस्थापन निर्देशिका, २०८१ का प्रमुख प्रावधान र विभागहरूको जिम्मेवारीका सम्बन्धमा प्रस्तुतीकरण गर्नुहुँदै कोषका विभिन्न जोखिमको पहिचान, विश्लेषण तथा निरुपणमा महत्वपूर्ण बिधि तथा पद्धति स्थापित गर्नु, कोषको जोखिम व्यवस्थापनका लागि सम्बन्धित पदाधिकारीको जिम्मेवारी स्पष्ट गर्नु र कोषको जोखिम व्यवस्थापनका प्रक्रियाको पहिचान, अवलम्वन, अभिलेख तथा प्रतिवेदन प्रणाली स्थापित गर्नु जोखिम व्यस्थापनको उद्देश्य रहेको बताउनुभयो ।

कोषका सह-प्रशासक भरतराज वस्तीले कोषको सन्दर्भमा जोखिम व्यवस्थापन महत्वपूर्ण भएको हुँदा नयाँ जोखिम निर्देशिका बमोजिम जोखिमको पहिचान तथा न्यूनीकरणमा सबै विभागको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्नुभयो ।


कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै कोषका योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागका विभागीय प्रमुख नवराज पौडेलले जोखिम व्यवस्थापन निर्देशिकाको कार्यान्वयनलाई थप सहज र स्पष्ट बनाउन कार्यक्रमको आयोजनाबाट सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा कोषका विभिन्न विभागका विभागीय प्रमुख, सेवा केन्द्रका प्रमुख तथा कर्मचारीहरूको सहभागिता रहेको थियो ।

# करीब ८ लाख सञ्चयकर्ताको KYC अद्यावधिक

कर्मचारी सञ्चय कोषले मिति २०८१ श्रावण देखि पौष मसान्तसम्म २८,६७६ सञ्चयकर्ताको KYC अद्यावधिक गरेको छ । हालसम्म ८,०८,१४१ सञ्चयकर्ताको Individual KYC (व्यक्तिगत के.वाई.सी.) अध्यावधिक भइसकेको छ ।

यसैगरी, चालू आर्थिक वर्षको ६ महिनाको अवधिमा ७०४ Office KYC अध्यावधिक गर्ने कार्य सम्पन्न भएको छ । योसँगै पौष मसान्तसम्ममा कूल ३०,२४१ कार्यालयको Office KYC अध्यावधिक गर्ने कार्य सम्पन्न भएको छ ।



# सञ्चयकर्ता र कार्यालय तथा संस्था सूचीकरण विनियमावली, २०८१ कार्यान्वयन

कर्मचारी सञ्चय कोषले कोषमा नयाँ कार्यालय तथा संस्था र सञ्चयकर्तालाई सूचीकरण गर्ने कार्यलाई थप व्यवस्थित र नियमित बनाउन "सञ्चयकर्ता र कार्यालय तथा संस्था सूचीकरण विनियमावली, २०८१" लागू गरेको छ ।

विनियमावलीमा कार्यालयहरूबाट सूचीकरणका लागि कोषमा विवरण प्राप्त भएपश्चात् स्वतः सूचीकरण हुने व्यवस्था रहेको छ ।

कार्यालयहरूबाट अनुसूची २ र अनुसूची ३ र ३(क) बमोजिमको निवेदन, आवश्यक कागजात र विवरणहरु प्राप्त गरेपछि कोषको सूचीकरण शाखाले सम्बन्धित विभागमा सिफारिस गरेको मितिले सात कार्यदिनभित्र सम्बन्धित विभागले स्वीकृत गर्नुपर्ने व्यवस्था विनियमावलीमा गरिएको छ ।

यसैगरी, सूचीकरणका लागि फाइल स्वीकृत भएपश्चात कोषको शाखा कार्यालय प्रमुख वा सूचीकरण शाखा प्रमुखले अनुसूची ५ बमोजिम सम्झौता गर्नुपर्ने र सम्झौता गरेपछि सूचीकरण हुने संस्थाले अनुसूची ६ वा ६(क) बमोजिमको संस्था पहिचान विवरण (Know Your Contributing Office-KYCO) कोषमा उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ ।

संस्था सूचीकरणको अन्तिम चरणमा कोषले संस्थाको प्राथमिक सम्पर्क व्यक्ति र संस्थाको आधिकारीक इमेलमा कार्यालय संकेत नम्बर (Office Code), कार्यालय वा संस्था पहिचान नम्बर (Uniqe Office Identification Number-UOIN) र लगइन क्रेडेन्सीयल (Login Credentials) उपलब्ध गराउनु पर्दछ ।

कोषमा रहेको प्रमाणित विवरणमा केही अद्यावधिक गर्नुपर्ने भएमा आधिकारीक व्यक्तिले लिखित रूपमा इमेल मार्फत अनुराध गर्नसक्ने तर, एकै दिनमा संस्थाको प्रमुख, प्रमुख सम्पर्क व्यक्ति र दोस्रो सम्पर्क व्यक्तिको विवरण अद्यावधिक भने नहुने व्यवस्था समेत रहेको छ ।

त्यस्तै, विनियमावलीको परिच्छेद ३ मा सञ्चयकर्ता सूचीकरण र अद्यावधकि गर्ने सम्बन्धी व्यवस्था रहेको छ । सञ्चयकर्ता सूचिकरणका लागि कोष कट्टी रकम जम्मा गर्नुपूर्व कोषको प्रणाली मार्फत भरेको सञ्चयकर्ता पहिचान विवरणलाई सम्बन्धित कार्यालय वा संस्थाका आधिकारिक व्यक्तिले कोषबाट प्राप्त लगइन क्रेडेन्सियल मार्फत प्रमाणित गर्नुपर्दछ ।

त्यसरी प्रमाणित गरिएको विवरण कोषको सम्बन्धित शाखामा प्राप्त भएपछि अधिकृत कर्मचारीले रूजु गरी आवश्यकतानुसार परिचय पत्र नम्बर र सञ्चयकर्ता पहिचान नम्बर (UCIN) सम्बन्धित सञ्चयकर्ताको मोवाइल नम्बर र संस्थाको आधिकारीक इमेलमा जानकारी गराउने व्यवस्था रहेको छ ।

परिचय पत्र नम्बर र व्यक्तिगत पहिचान नम्बर प्राप्त भएपछि सम्बन्धित सञ्चयकर्ता जैविक विवरणको लागि कोषको कार्यालयमा स्वयं उपस्थित हुनुपर्ने र सञ्चयकर्ताको व्यक्तिगत जैविक विवरण कोषमा अद्यावधिक भएपछि कोषले सम्बन्धित सञ्चयकर्तालाई परिचयपत्र वितरण गर्ने व्यवस्था कोषले लागू गरेको विनियमावलीमा रहेको छ ।

# कर्मचारीको कार्य विवरण (JD) र कार्यसञ्चालन कार्यबिधि (SOP) लागु

कर्मचारी सञ्चय कोषमा मिति २०८१/०९/२३ गतेदेखि लागू हुने गरि 'कर्मचारीको कार्यविवरण र कार्यसञ्चालन कार्यविधि' जारि भएको छ

मिति २०७९/१२/१४ देखि लागू भएको कोषको संगठनात्मक संरचना अनुरूप हुने गरी कोषमा कार्यरत हरेक पदको काम, कर्तव्य, जिम्मेवारी तथा अधिकार सहितको नयाँ कार्य विवरण र कार्यसञ्चालन कार्यविधि लागू भएको हो ।

यसैगरी, कोषका विभाग, शाखा कार्यालय र सेवा केन्द्रहरूको कार्यसम्पादनलाई अझ व्यवस्थित र प्रभावकारी बनाउन कार्यसञ्चालन कार्यबिधि (Standared operating Procedure) समेत लागु भएको छ ।

# On Site KYC अपडेट गतिविधि



कर्मचारी सञ्चयकोष, सूचीकरण शाखाले On Site र Off Site रूपमा सञ्चयकर्ताहरूको KYC अपडेट गर्दै आएको छ । सूचीकरण सम्बन्धी निर्देशिकामा व्यवस्था भएवमोजिम १०० जनाभन्दा बढी सञ्चयकर्ता भएका सम्बन्धित कार्यालयहरूले लिखित अनुरोध गरेमा सूचीकरण शाखाले अवस्थाको आँकलन गरी कार्यालयमै गएर KYC अपडेट गर्न सक्ने व्यवस्था रहेको छ ।

सोही व्यवस्था बमोजिम चालू आर्थिक वर्षको दोस्रो त्रैमासिक अवधिमा सूचीकरण शाखाले विभिन्न मितिमा विभिन्न कार्यालयमा गएर सञ्चयकर्ताहरूको KYC अपडेट गरेको छ । जसअनुसार, मिति २०८१/०६/०१ देखि २०८१/१०/१० सम्म क्रमशः श्री ईन्द्रध्वज गण, सिन्धुपाल्चोक, श्री नं. २६ बाहिनि अड्डा, भकुण्डे, काभ्रेपलाञ्चोक र श्री नं. १ सैन्य तालिम केन्द्र त्रिशुली, नुवाकोटमा गई ५३१ जना सञ्चयकर्ताहरूको KYC अपडेट गरेको छ ।

साथै, Off Site रूपमा सञ्चयकर्ताहरूको KYC अपडेट गर्ने कार्यलाई समेत निरन्तरता दिइएको छ ।

# योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागको प्रमुखमा पौडेल



कर्मचारी सञ्चय कोषको योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागको विभागीय प्रमुखमा नवराज पौडेललाई जिम्मेवारी प्रदान गरिएको छ । पौडेललाई विभागको मुख्य प्रबन्धकमा कायम मुकायम मुकरर गरी विभागीय प्रमुखको जिम्मेवारी सहित सो विभागमा पदस्थापना गरिएको हो ।

यसअघि उहाँ सञ्चयकर्ता कर्जा विभागमा बरिष्ठ प्रबन्धकको रूपमा कार्यरत हुनुहुन्थ्यो ।

यसैगरी, कर्मचारी सञ्चय कोष, सम्पति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तिय लगानी निवारण नीति, २०७८ को प्रकरण ६(घ) को व्यवस्था बमोजिम मिति २०८१/०७/३० को प्रशासकस्तरीय निर्णयानुसार उहाँलाई AML/CFT समितिको सदस्य सचिव एवम् अनुपालन अधिकारीको समेत जिम्मेवारी तोकिएको छ ।

# Short Code SMS प्रणाली प्रयोगमा

कर्मचारी सञ्चय कोषले सञ्चयकर्ता तथा योगदानकर्ताका लागि Short Code SMS प्रणाली मार्फत आफ्नो कारोबार सम्बन्धी जानकारी सजिलै उपलब्ध गराउन SMS सेवा सञ्चालनमा ल्याएको छ ।

SMS सेवा लिनका लागि नेपाल टेलिकमको प्रयोगकर्ताहरूले KYC मा रहेको मोबाईल नम्बरबाट आफ्नो Message Box मा 'EPF' टाईप गरी 35750 मा SMS गरे पश्चात् देखिने विवरणहरु मध्ये आफूले हेर्न चाहेको विवरणको नम्बर छनौट गरि Send गर्नुपर्दछ ।

हाल यस सेवामार्फत UCIN, Contribution, Pension, Special Loan, Collateral Loan / SP Loan Details विवरणहरु हेर्न सकिने व्यस्था मिलाइएको छ ।

यस सेवामा कोषका थप सूचना तथा सुविधाहरु अद्यावधिक गर्दै लगिने जानकारी सुचना प्रविधि विभागका विभागीय प्रमुख दर्शन भट्टराईले दिनुभयो ।



# शाखा कार्यालय धनगढी

**अन्तरक्रिया कार्यक्रम**

कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, धनगढीको आयोजनामा मिति २०८१ साल कार्तिक ८ र ९ गते डोटी जिल्लास्थित सरकारी कार्यालय, सामुदायिक विद्यालय तथा सार्वजनिक



निकायका कार्यालय प्रमुख तथा लेखा प्रमुखहरूको सहभागितामा सञ्चय कोष तथा निवृत्तभरण कोषको सेवा प्रवाह, सुविधा र कोषको भावि कार्यक्रम तथा कार्यदिशा सम्बन्धी छलफल तथा अर्न्तक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अर्यालको अध्यक्षतामा भएको कार्यक्रममा कोषको शाखा कार्यालय, धनगढीका कार्यालय प्रमुख राजेन्द्र लामिछानेले कोषको सेवा प्रवाहका सम्बन्धमा प्रस्तुतीकरण गर्नुभएको थियो ।

यसैगरी, मिति २०८१ साल मंसिर ८ गते कञ्चनपुर जिल्लास्थित सशस्त्र प्रहरी बल नेपाल, नं. ३५ गण मुख्यालय, शैलेश्वरीमा कार्यरत सशस्त्र प्रहरी बलका अधिकृत तथा अन्य कर्मचारीहरूको सहभागितामा कोषको सेवा प्रवाह प्रकृया सम्बन्धी छलफल कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा उठेका प्रश्नहरूको जवाफ कोषको धनगढी शाखा कार्यालयका प्रमुख राजेन्द्र लामिछानेले दिनुभएको थियो ।

सशस्त्र प्रहरी बल नेपाल, नं. ३५ गणका गणपति खगेन्द्र बहादुर चन्दले कोषबाले प्रवाह गर्दै आएका सेवा प्रशंसनीय रहेको बताउनुभयो ।

कार्यक्रममा कोषको धनगढी शाखा कार्यालयका सहायक प्रवन्धक उमेशराज भट्ट र सहायक संघर्ष श्रेष्ठले प्रस्तुतीकरण गर्नुभएको थियो ।

**ज्ञान आदान-प्रदान (Knowledge Sharing)**

कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, धनगढीको आयोजनामा मिति २०८१ साल पौष २९ गते शाखा कार्यालयको कार्य जिम्मेवारीमा रहेका धितोमा आधारित कर्जासँग सम्बन्धित ज्ञान, सीप र अनुभवका सम्बन्धमा सम्बन्धित क्षेत्रका कर्मचारीहरूको सहभागितामा ज्ञान आदान-प्रदान कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा धनगढीस्थित नापी कार्यालयका कार्यालय प्रमुख र मालपोत कार्यालयका निमित्त कार्यालय प्रमुखले नापी नक्सा तथा जग्गा प्रशासनसँग सम्बन्धित ज्ञान, सीप र अनुभव प्रदान गर्नुभएको थियो ।

शाखा कार्यालयका कर्मचारीहरूको सहभागितामा भएको कार्यक्रममा




कोषको तर्फबाट सहायक प्रवन्धक तारा कुमारी जोशीले धितोमा आधारित कर्जाका बारेमा जानकारी गराउनुभएको थियो ।



# शाखा कार्यालय सुर्खेत

**दायरा विस्तार सम्बन्धमा प्रतिवेदन पेश**

शाखा कार्यालय सुर्खेतले धितोमा आधारित कर्जा प्रवाहको लागि दायरा विस्तार गर्ने कार्यक्रम अन्तर्गत सुर्खेत जिल्लाको पञ्चपुरी नगरपालिकाको वावियाचौर क्षेत्र र जाजरकोट जिल्लाको सदरमुकाम खलंगा क्षेत्रको स्थलगत अवलोकन गरी सोको प्रतिवेदन सहित दायरा विस्तार गर्न आवश्यक प्रक्रियाको लागि सञ्चयकर्ता कर्जा विभागमा पठाईएको छ ।

सो क्षेत्रमा कर्जाको दायरा विस्तार भएसंगै कोषको लगानीको दायरा विस्तारसँगै त्यस क्षेत्रका सञ्चयकर्ता समेत लाभान्वीत हुने अपेक्षा गरिएको छ ।

**ज्ञान आदान-प्रदान (Knowledge Sharing)**

शाखा कार्यालयमा कार्यरत कर्मचारीहरूबीच ज्ञान आदान प्रदान गर्ने कार्यक्रम अन्तर्गत यस अवधिमा २ वटा कार्यक्रम सम्पन्न गरिएको छ । यस अन्तर्गत केन्द्रमा सञ्चालन गरिएको तालिम कार्यक्रममा यस शाखाबाट सहभागी भएका कर्मचारीहरूले तालिममा राखिएका विषयवस्तु सम्बन्धमा शाखामा कार्यरत कर्मचारीहरूलाई जानकारी गराउनुभएको थियो ।

निबृत्तभरण ब्यवस्थापन तथा सामाजिक सुरक्षा विभाग अन्तर्गत सामाजिक सुरक्षा महाशाखा प्रमुखबाट यस कार्यालयमा कार्यरत कर्मचारीहरूलाई सामाजिक सुरक्षा सुविधा सम्बन्धमा जानकारी तथा कार्य प्रक्रियामा देखिएका ब्यवहारिक समस्याका सम्बन्धमा प्रस्तुतीकरण भयो ।

**अन्य गतिविधि**

आ.ब.२०८०/८१ को अन्तिम लेखापरिक्षणको लागि लेखापरिक्षकबाट शाखा कार्यालयको आ.ब.२०८०/८१ को लेखापरिक्षणको कार्य सम्पन्न भएको छ ।

# शाखा कार्यालय, कोहलपुर

**अन्तर्क्रिया कार्यक्रम**



कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, कोहलपुरको आयोजनामा मिति २०८१/०९/०४ गते सशस्त्र प्रहरी बल नेपाल, नं. ३० गण हेडक्वार्टर, बागिश्वरी, नेपालगञ्जमा कोषको शाखा कार्यालयबाट प्रवाह हुँदै आएका सापटी सुविधा तथा सामाजिक सुरक्षा सुविधाहरू र अन्य सेवाहरूका बारेमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा कोषको शाखा कार्यालय, कोहलपुरका कार्यालय प्रमुख शशिकुमार देवकोटाले शाखा कार्यालयबाट प्रवाह हुँदै आएका सेवा तथा सुविधाहरूका बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो ।

कार्यक्रममा सशस्त्र प्रहरी बल नेपाल, नं. ३० गण हेडक्वार्टरका वरिष्ठ अधिकृतहरू लगायत गरी करिव १०० जनाको सहभागिता रहेको थियो ।

यसैगरी, कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, कोहलपुरको आयोजनामा मिति २०८१/०९/१९ गते नेपाली सेनाको बर्दबहादुर गण, खलङ्गा, प्युठानमा कोषको शाखा कार्यालयबाट प्रवाह हुँदै आएका सापटी सुविधा, सामाजिक सुरक्षा सुविधा र अन्य सेवाहरूका बारेमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा उक्त गणका गणपति र वरिष्ठ अधिकृतहरू लगायत गरी करिव १४० जनाको सहभागिता रहेको थियो ।

कार्यक्रम पश्चात् उक्त गणका १०७ जना सञ्चयकर्ताहरूको अनसाइट के.वाई.सी. अद्यावधिक गरिएको थियो ।



# शाखा कार्यालय, वुटवल

## सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तर्क्रिया कार्यक्रम



कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, बुटवलको आयोजनामा मिति २०८१/०९/२५ गते तिलोत्तमा नगरपालिकामा सञ्चयकर्ता कार्यालयहरुमा कार्यरत कर्मचारीहरूको सहभागितामा 'सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तर्क्रिया कार्यक्रम' सम्पन्न भएको छ।

कार्यक्रममा कोषको परिचय, कोषले सञ्चयकर्ताहरूलाई प्रदान गर्ने गरेका वित्तीय तथा सामाजिक सुरक्षाका सुबिधाहरू तथा सो को प्रक्रिया, ब्यक्तिगत KYC, कार्यालय KYC लगायतका विषयमा अभिमुखीकरण गरिएको थियो।

कार्यक्रममा सञ्चयकर्ता कार्यालयहरुमा कार्यरत करिब ८० जना कर्मचारीहरूको सहभागिता रहेको थियो।

# शाखा कार्यालय, पोखरा

## कोषको नवनिर्मित कार्यालय भवनबाट सेवा प्रवाह





कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, पोखराले मिति २०८१/०७/१३ देखि पोखरा महानगरपालिका वडा नं. ९, नयाँबजारस्थित आफ्नै नवनिर्मित कार्यालय भवनबाट सेवा प्रवाह गर्न शुरु गरेको छ।

नवनिर्मित कार्यालय भवनको डिजाइन तथा कार्यसञ्चालन प्रणाली सञ्चयकर्तामैत्री भएकाले कोषको गुणस्तरीय सेवा प्रवाहमा थप योगदान पुग्नेछ।

कोषको पोखरा स्थित शाखाबाट गण्डकी प्रदेशका कास्की, लम्जुङ, स्याङजा, बागलुङ, म्याग्दी, तनहु, मनाङ, मुस्ताङ लगायत जिल्लाका सञ्चयकर्ताहरु लाभान्वित हुदै आईरहेका छन्।

# शाखा कार्यालय, हेटौंडा

**अन्तरक्रिया कार्यक्रम**

कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, हेटौंडाको आयोजना र जिल्ला प्रशासन कार्यालय, मकवानपुरको सहयोग एवम् समन्वयमा मिति २०८१ साल कार्तिक ५ गते जिल्लास्थित सरकारी कार्यालयका कार्यालय प्रमुखहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा कोषको शाखा कार्यालय, हेटौडाका कार्यालय प्रमुख डा. दिलिपराज पौडेलले कोषका समग्र गतिविधिका बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो।



यसैगरी, कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, हेटौंडाको आयोजना र जिल्ला प्रशासन कार्यालय चितवनको सहयोग एवम् समन्वयमा मिति २०८१ कार्तिक २६ गते जिल्लास्थित सरकारी कार्यालयका कार्यालय प्रमुखहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा कोषको सञ्चयकर्ता सेवा विभागका विभागीय प्रमुख सागर कुमार सिंह र शाखा कार्यालय, हेटौडाका कार्यालय प्रमुख डा. दिलिपराज पौडेल लगायतको सहभागिता रहेको थियो।

कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, हेटौंडाको आयोजनामा मिति २०८१ कार्तिक ३० र मंसिर १ गते नेपाल प्रहरी शिक्षालय, भरतपुर, चितवनमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

यस्तै, मिति २०८१ पुष ३ गते आयोजित मकवानपुर जिल्लास्थित जिल्ला समन्वय समितिको वार्षिक समिक्षा कार्यक्रममा कर्मचारी सञ्चय कोष र पेन्सन सम्बन्धी शाखा कार्यालय, हेटौडाका कार्यालय प्रमुख डा. दिलिपराज पौडेलबाट पेन्सन लगायतका विषयमा जानकारीका साथै विद्यमान कानुनी व्यवस्थाको बारेमा प्रस्तुती गर्नुभएको थियो।

मिति २०८१ पुष २५ गते आयोजित कार्यक्रममा कोषको शाखा कार्यालय, हेटौडाका कार्यालय प्रमुख डा. दिलिपराज पौडेलले बागमती प्रदेशका प्रमुख सचिव तथा विभिन्न प्रदेश मन्त्रालयका सचिवहरुलाई कोषका सेवा, सुविधा, योगदानमा आधारित निवृत्तिभरण जम्मा गर्न आवश्यक कानुनी आधार लगायतका विषयमा जानकारी दिनुभएको थियो।

**अस्पतालहरूसँगको MOU:**

कर्मचारी सञ्चय कोष र चितवनका विभिन्न सातवटा अस्पतालहरूबीच मिति २०८१ कार्तिक २६ गते कोषको सामाजिक सुरक्षा योजना विनियम बमोजिम समभ्रदारी (MOU) भएको छ।

त्यसक्रममा ती अस्पतालका प्रतिनिधिहरूसँग कोषबाट प्रवाह हुँदै आएका सेवा तथा सुविधाहरूका सम्बन्धमा अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको थियो।

कार्यक्रममा सामाजिक सुरक्षा विभागका विभागीय प्रमुख वीरेन्द्र पौडेल र शाखा कार्यालय, हेटौडाका कार्यलय प्रमुख डा.दिलिपराज पौडेल लगायतको सहभागिता रहेको थियो।

यसैगरी, मिति २०८१ मङ्सीर ८ गते NPI नारायणी सामुदायिक हस्पिटलसँग पनि MOU गरिएको छ।

**ज्ञान आदान-प्रदान (Knowledge Sharing)**

कर्मचारी सञ्चय कोष, शाखा कार्यालय हेटौडाको आयोजनामा मिति २०८१/०८/०८ गते ज्ञान आदान-प्रदान सम्बन्धी कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा शाखा कायौलय, हेटौडाका कार्यालय प्रमुख डा. दिलिपराज पौडेलल कोषको सेवा प्रवाहलाई अझ सरल, सहज तथा प्रभावकारी बनाउने सम्बन्धमा प्रस्तुती गर्नुभएको थियो।




यसैगरी, मिति २०८१/०७/२७ हेटौंडामा आयोजित कार्यक्रममा कोषको निवृत्तभरण तथा सामाजिक सुरक्षा विभागका विभागीय प्रमुख वीरेन्द्र पौडेल तथा सञ्चयकर्ता सेवा विभागका विभागीय प्रमुख सागर कुमार सिंहले कोषले प्रदान गर्दै आइरहेका सेवा सुविधा, निवृत्तभरण तथा सामाजिक सुरक्षा कार्यक्रम र यी सम्बन्धी नीति, नियम तथा कानुनको बारेमा जानकारी दिनुभएको थियो।

**KYC अद्यावधिकिकरण**

कर्मचारी सञ्चय कोष, शाखा कार्यालय हेटौडाले मिति २०८१/०७/३० र २०८१/०८/०१ गते नेपाल प्रहरी शिक्षालय, भरतपुर, चितवनमा स्थलगतरुपमा KYC गर्नुका साथै डिजिटल कार्ड वितरण गरिएको छ।

यसैगरी, मिति २०८१/०९/२४ गते बारा जिल्लास्थित जगदम्बा सिमेन्ट प्रा.लि. मा Online Onsite KYC सम्पन्न गरिएको छ।

# सञ्चयकर्ता कर्जा विभागको अन्तरक्रिया



कर्मचारी सञ्चय कोष, सञ्चयकर्ता कर्जा विभागको आयोजनामा आ.व. २०८१/८२ को बार्षिक कार्यसम्पादन सम्झौता अनुरूप विभाग र शाखा कार्यालय, विराटनगरबीच मिति २०८१/०७/११ देखि २०८१/०७/१४ गतेसम्म विराटनगरमा धितोमा आधारित सञ्चयकर्ता सापटीसम्बन्धी विविध विषयमा अन्तर्क्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा विभागको तर्फवाट उप-प्रवन्धकद्वयः नर्वदा भेटवाल र रमा कार्कीले धितोमा आधारित कर्जासम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रमका क्रममा शाखा कार्यालय, विराटनगरले पेश गरेको प्रस्तावित क्षेत्र विस्तारका इलाकाहरूको विभागका प्रतिनिधि र शाखा कार्यालयका तोकिएका कर्मचारीहरुले संयुक्तरुपमा स्थलगत निरिक्षण समेत गर्नुभएको थियो ।

# शाखा कार्यालय, जनकपुर

## सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम




कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, जनकपुरको आयोजनामा मिति २०८१/०८/१४ गते धनुषा जिल्लाको धनुषाधामस्थित प्राथमिक स्वास्थ्य केन्द्र भवनमा कोषबाट प्रवाह हुने सेवा सुविधा तथा अनलाइन कारोबार सम्बन्धी बिषयमा सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ।



धनुषाधाम नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत संजित प्रसाद दासको संयोजकोत्वमा भएको कार्यक्रममा कोषको शाखा कार्यालयका उप-प्रवन्धक लोकनाथ ताजपुरिया र सहायक प्रवन्धक संतोष कुमार साहले कोषबाट प्रदान गरिँदै आएका सेवा, सुविधा र अनलाइन कारोबार सम्बन्धी प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा धनुषाधाम नगरपालिकाका शिक्षकहरू र स्वास्थ्यतर्फका कर्मचारीहरू लगायत गरी करिब १०० जना सञ्चयकर्ताहरूको सहभागिता रहेको थियो ।

**अन्तर्क्रिया कार्यक्रम**

कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, सेवा केन्द्र, धनकुटाको




आयोजनामा मिति २०८१/०८/०८ गते इलाका प्रहरी कार्यालय, छिन्ताङ्गमा प्रहरी निरीक्षक सहित सकल दर्जाका प्रहरीहरूलाई 'सञ्चयकर्ता सचेतनामूलक कार्यक्रम' सम्पन्न भएको छ ।

कार्यक्रमको संचालन कोषको सेवा केन्द्र, धनकुटाका कार्यालय प्रमुख दीपकमणि रिसालले गर्नुभएको थियो ।

यसैगरी, मिति २०८१/०८/१८, १९ गते र मिति २०८१/०८/२३ गते श्री सशस्त्र प्रहरी बल नेपाल, नं. १ गुल्म हेडक्वार्टर, कञ्चनजङ्घा, श्री दुर्गादल गुल्म, ताप्लेजुङ र श्री रणशेर गण, फिदिम पाँचथरमा प्रहरी नायब उपरीक्षक, गुल्मपति, प्रमुख सेनानी र सकल दर्जाका प्रहरीहरूका लागि 'सञ्चयकर्ता सचेतनामूलक घुम्ती सेवा कार्यक्रम' सञ्चालन गरिएको छ ।

ती कार्यक्रमहरुमा क्रमशः ७९ जना, ४४ जना र २६० जना सञ्चयकर्ताहरूलाई डिजिटल कार्ड वितरण गर्नुका साथै सञ्चयकर्ताहरुको KYC update गरिएको थियो ।

सोही क्रममा सञ्चयकर्ताहरुबाट विशेष सापटी फारम तथा सामाजिक सुरक्षण फारम सङ्कलन गर्नुका साथै वित्तीय सुविधा तथा सामाजिक सुरक्षण सुविधाका बारेमा जानकारी दिइएको थियो ।

**घुम्ती सेवासहित सञ्चयकर्ता अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रम समापन**

कर्मचारी सञ्चय कोष, सेवा केन्द्र, धनकुटाको आयोजनामा मिति २०८१/०८/२० गतेदेखि २२ गतेसम्म फुङ्गलिङ्ग नगरपालिकामा तीनदिने घुम्ती सेवा सहितको अभिमुखीकरण तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

ताप्लेजुङ जिल्लाका प्रमुख जिल्ला अधिकारी नेत्र प्रसाद शर्माको प्रमुख आतिथ्यता र कर्मचारी सञ्चय कोषका सह-प्रशासक जीवन कुमार कट्वालको अध्यक्षतामा कार्यक्रम भएको थियो ।

कार्यक्रममा कर्मचारी सञ्चय कोषका कोष व्यवस्थापन विभागका प्रमुख सुवास खड्काले कोषले प्रदान गरिरहेका वित्तीय सुविधा तथा सामाजिक सुरक्षण सुविधाका बारेमा प्रस्तुती गर्नुभएको थियो ।

कोषको सञ्चयकर्ता सेवा विभागका प्रमुख सागर कुमार सिंहले सञ्चयकर्ताहरूसँग Moderator को भूमिका निर्वाह गर्नुहुँदै उठेका प्रश्नहरूको जवाफ दिनुभएको थियो ।

कार्यक्रममा कोषको सेवा केन्द्र, धनकुटाका कार्यालय प्रमुखले कार्यक्रममा सहभागीहरूलाई स्वागत गर्दै कार्यक्रमको संक्षिप्त रूपरेखा प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रमका क्रममा करिव १, ११७ जना सञ्चकर्तालाई सेवा प्रदान गरिएको थियो ।

**धितोमा आधारित क्षेत्र विस्तार**

कर्मचारी सञ्चय कोष, सञ्चयकर्ता कर्जा विभाग र सेवा केन्द्रको संयुक्त कार्यदलले मिति २०८१/०९/२४ गते देखि २०८१/०९/२७ गतेसम्म धितो कर्जाको क्षेत्र विस्तारका लागि संखुवासभाको तुमलिङ्गटार र




खाँदबारीमा गई स्थलगत निरीक्षण गरेको छ ।

निरीक्षण पश्चात् त्यस क्षेत्रमा धितो कर्जा विस्तारका केन्द्रमा लागि सिफारिस समेत गरिएको छ ।

# लगनखेल सेवा केन्द्र




**अन्तरक्रिया कार्यक्रम**

कर्मचारी सञ्चय कोष, लगनखेल सेवा केन्द्रको आयोजनामा मिति २०८१ पौष १२ गते नुवाकोटको दुप्चेश्वर गाउँपालिकामा कोषबाट सञ्चयकर्ताहरुलाई प्रदान गरिँदै आएका सेवा तथा सुविधाहरुका बारेमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा दुप्चेश्वर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण देवकोटाले सञ्चयकर्ताहरूका जिज्ञासा एवम् प्रश्नहरूलाई सम्बोधन गर्न स्थानीय तहमा गरिने यस्ता कार्यक्रम उपयोगी हुने विश्वास व्यक्त गर्नुभयो ।

कोषका प्रबन्धक (कानून) अर्जुन प्रसाद आचार्यले कोषका समग्र विषयमा स्थानीय तहमा जानकारी दिन कार्यक्रमहरु आयोजना गर्ने गरिएको बताउनुभयो ।

कोषको लगनखेल सेवा केन्द्रका प्रमुख अर्जुन प्रसाद आचार्यको सभापतित्वमा भएको कार्यक्रममा कोषका सहायक प्रबन्धक केशब राज श्रेष्ठ, सहायक प्रबन्धक रामेश्वर भोछिभोया र प्रमुख सहायक अशोक तिमल्सिनाले कोषले प्रदान गर्ने सेवा सुविधा, सापटी र तिनका लागि आवश्यक प्रक्रियाका बारेमा जानकारी दिनुभएको थियो ।

कार्यक्रममा गाउँपालिकास्थित विभिन्न सरकारी कार्यालय, विद्यालय र अन्य संघसंस्थाका गरी करिव १०५ जना सञ्चयकर्ताहरूको सहभागिता रहेको थियो ।

# विर्तामोड सेवा केन्द्र प्रमुखमा सापकोटा



कर्मचारी सञ्चय कोषको विर्तामोड सेवा केन्द्रको प्रमुखका रूपमा कार्य गर्ने गरी प्रबन्धक दिपेन्द्र सापकोटालाई जिम्मेवारी प्रदान गरिएको छ ।

विर्तामोडमा सेवा केन्द्र स्थापना भएसँगै उहाँलाई सेवा केन्द्रको प्रमुखका रुपमा कार्य गर्ने गरी जिम्मेवारी प्रदान गरिएको हो ।

यसअघि उहाँ सम्पति व्यवस्थापन विभागमा प्रबन्धकको रूपमा कार्यरत हुनुहुन्थ्यो ।

# सुरक्षित भविष्यको लागि सञ्चय कोष तथा निवृत्तभरण कोष

कर्मचारी सञ्चय कोष ६३औं वर्ष प्रवेशको सुखद् अवसरमा सम्पूर्ण सञ्चयकर्ता तथा निवृत्तभरण योगदानकर्ताको सन्तुष्टि प्रति सदैव समर्पित रहँदै कोषका सेवा तथा सुविधालाई थप गुणस्तरीय र दिगो बनाउने प्रतिवद्धता सहित सम्पूर्ण सरोकारवालाहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

## (१) सञ्चयकर्ता विवरण :

| विवरण | योगदानकर्ता | योगदानकर्ता कार्यालय |
|---|---|---|
| सञ्चय कोष | ५ लाख ७५ हजार | ३३ हजार ६ सय |
| निवृत्तभरण कोष | ८० हजार ४ सय | ३ हजार ८ सय |

## (२) आ.व. २०८०/८१ को अपरिष्कृत वित्तीय अवस्था :

| विवरण | सञ्चयकोष | निवृत्तभरण कोष | जगेडा कोष | दायित्वहरु | कूल स्रोत | कुललगानी | बचत |
|---|---|---|---|---|---|---|---|
| रकम रु. अर्वमा | ५१८.४८ | ११.२१ | ३५.५१ | ६.१३ | ५७१.३३ | ५५१.५३ | ६.३७ |

## (३) वित्तीय सुविधाहरु :

**(क)सञ्चयकर्ता सापटी (आ व.२०८१/८२)**

| विवरण | विशेष सापटी | घर सापटी | शैक्षिक सापटी | घर मर्मत सापटी | सरल सापटी | जग्गाखरिद सापटी |
|---|---|---|---|---|---|---|
| सापटी सीमा | कोष रकमको ९० प्रतिशतसम्म | रु.१ करोडसम्म | रु.४० लाखसम्म | रु.३० लाखसम्म | रु.४० लाखसम्म | रु. १ करोडसम्म |
| ब्याजदर | ६.६० प्रतिशत | ७.५० प्रतिशत | ७.५० प्रतिशत | ७.५० प्रतिशत | ८.०० प्रतिशत | ८.०० प्रतिशत |

**(ख) ब्याजमा छुट :** धितोमा आधारित कर्जाको ब्याज त्रैमासिक रुपमा भुक्तानी गरी नियमित गर्ने सञ्चयकर्ताको सम्बन्धित त्रैमासमा ०.२५ प्रतिशत विन्दुले ब्याजदरमा छुट दिने व्यवस्था गरिएको ।

**(ग) ब्याज तथा मुनाफा** : आ.व. २०८०/८१ मा कोष रकममा ब्याजदर ७.५ प्रतिशत
: आ.व. २०८१/८२ मा कोष रकममा ब्याज दर ५.५ प्रतिशत
: मुनाफा: १.१० प्रतिशत(२०७९/८० को शुरु मौज्दातमा)

## (४) सामाजिक सुरक्षा सुविधाहरु :

(क) **सञ्चयकर्ता स्वास्थ्य उपचार योजना:** सञ्चयकर्ता वा निजको पति वा पत्नीको उपचार खर्चमध्ये **साधारण रोग**तर्फ प्रत्येक आर्थिक वर्षमा अधिकतम रू. १ लाखसम्म र **घातक रोग**को उपचारको हकमा सेवाअवधि भरमा अधिकतम रु. १० लाखसम्म रकम शोधभर्ना गरिने ।

(ख) **सुत्केरी तथा शिशु स्याहार योजना:** प्रति प्रसूति रु.७,५०० (२ पटकका लागि),

(ग) **दुर्घटना क्षतिपूर्ति योजना:** सञ्चयकर्ता वा निजको हकवालालाई रु.२ लाखसम्म,

(घ) **काजकिरिया अनुदान योजना:** हकवालालाई रु.४० हजार ।

## (५) कोषका कार्यालयहरु :

उपत्यकास्थित : पुल्चोक (केन्द्रीय कार्यालय), ठमेल, लगनखेल र सिंहदरबार ।
उपत्यकाबाहिर : विराटनगर, जनकपुर, हेटौडा, पोखरा, बुटवल, कोहलपुर, सुर्खेत, धनगढी, धनकुटा र बिर्तामोड ।

**सम्पादन तथा प्रकाशन: योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभाग**

**कर्मचारी सञ्चय कोष**
पुल्चोक, ललितपुर
फोन नं.: ५०१०१६५, ५०१०१६६